# ओमसतिया गाउँपालिका

## लुम्बिनी प्रदेश, रुपन्देही

# स्थानीय राजपत्र

भाग–१ संख्या नं.: १२ मिति : २०७८।१०।२२

## ओमसतिया गाउँपालिकाको
## स्थानीय विकास कोष (सञ्चालन कार्यविधि) ऐन, २०७८

# ओमसतिया गाउँपालिकाको स्थानीय विकास कोष (संचालन कार्यविधि) ऐन, २०७८

**प्रस्तावना**

स्थानीय तहमा सामाजिक परिचालनको माध्यमबाट विपन्न तथा विकासको मूल प्रवाहबाट पछाडि परेका नागरिकहरुलाई उनीहरुको काम, कर्तव्य, तथा अधिकारका बारेमा चेतनशील गराई मुलुकको विद्यमान सम्पूर्ण आर्थिक, सामाजिक संरचनालाई विकासको मूलधारमा ल्याउन र नागरिकको आवाज एवम् मागलाई सम्बोधन गर्दै सेवा प्रवाहलाई समावेशी, उत्तरदायी एवम् जवादेही बनाउँन सरकारी, निजी तथा समुदायमा आधारित संघ सस्थाहरु समेतको सहकार्यमा स्थानीय तहको गरिबी न्युनीकरण र दिगो विकासको अवधारणालाई संगठन, बचत, सीपको माध्यमबाट संस्थागत गर्दै सम्मृद्ध नेपाल निर्माण गर्ने कार्यमा सहयोग पऱ्याउन विद्यमान अवस्थाको सामाजिक परिचालन कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गर्दै ओमसतिया गाँउ सभाले ऐन यो ऐन  जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यो कार्यविधीको नाम :(१) यस ऐनको नाम “ओमसतिया गाउँपालिकाको स्थानीय विकास कोष  (संचालन कार्याविधि ) ऐन, २०७८ रहेको छ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :**

विषय  वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

क. “गाउँपालिका” भन्नाले ओमसतिया गाउँपालिका  सामुदायिक सम्झनु पर्दछ।

ख. “सभा ” भन्नाले गाउँपालिकाको सभा सम्झनु पर्दछ।

ग. “गाउकार्यपालिकाभन्नाले  गाउँकार्यपालिका सम्झनु पर्दछ।

घ. “प्रमुख”  भन्नाले ओमसतिया गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

ङ. “प्रमुख प्रशासकीया अधिकृत भन्नाले ओमसतिया गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई  सम्झनु पर्दछ।

च. “सामुदायिक संस्था “ भन्नाले वडाका बस्तीस्तरमा महिला, पुरुष समुहरु छुट्टाछुट्टै वा मिश्रित रुपमा संगठित भएको समुहलाई सम्झनु पर्दछ । यसलाई संक्षिप्तमा सा.सं पनि भनिछ।

छ. “अध्यक्ष / मेनेजर भन्नाले वडा स्तरमा वडा स्तरीय गठित सामुदायिक संस्थाका अध्यक्ष, मेनेजरलाई सम्झनु पर्दछ। यसलाई संक्षिप्तमा अ.मे पनि भनिन्छ।

ज. "अ/मे भे" भन्नाले वडा स्तरमा वा वडा स्तरमा गठित सासका अध्यक्ष/मैनेजरले संचालन गर्ने भेलालाई सम्झनु पदर्छ। यसलाइ संक्षिप्तमा अ.मे.भे. पनि भनिन्छ।

झ. "समिति" भन्नाले गाउँपालिकाका स्तरीय र वडाहरु स्तरीय समितिलाई सम्झनु पर्दछ।

ञ. "सदस्य" भन्नाले सो.सं का सदस्यहरुलाई सम्झनु पर्दछ।

ट. "जिल्ला समन्वय समिति" भन्नाले जिल्ला समन्वय समिति रुपन्देहलिाई सम्झनुपर्दछ।यसलाई संप्तिमा जि.स.स.पनि भनिन्छ।

ठ. "स्थानीय विकास कोष" भन्नाले गाउँपालिकाका वडाहरुमा सञ्चालित साविक जिल्ला विकास समिति स्थानीय विकास कोष द्धारा गठित एवं हस्तान्तरित कोषकहरुको संस्था गाउँ विकास कार्यक्रमलाई सम्झनु पर्दछ।

ड. "स्थानीय सेवा प्रदायक" स्थानीय तहमा रहेका सरकारी तथा गैरसरकारी संस्था वा सम्बन्धित वडा समिति तथा अन्य क्षेत्रमा सामाजिक परिचालनको कार्य गर्ने संस्थालाई सम्झनु पर्दछ।

ढ. "सामाजिक परिचालन" भन्नाले आम नागरिकहरुलाई समुहमा संगठित गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक सशक्तिकरणका माध्यमबाट उनीहरुको व्यक्तिगत, पारिवारिक तथा सामाजिक जविनमा सकरात्मक परिवर्तन ल्याउँने प्रक्रियालाई जनाउँछ।

## ३. ऐनको उद्देश्य

क) सामाजिक परिचालन कार्यलाई व्यवस्थित गर्ने।

ख) स्थानीय तहमा सामाजिक परिचालन कार्यको प्रयोगमा एकरुपता ल्याउनु।

ग) साविक जि.वि.स स्थानीय विकास कोषबाट संचालनमा रहेको सामुदायिक विकास कोषलाई गाउँपालिकामा आन्तरीकरण गर्ने।

घ) सामुदायिक विकास कोष संचालन नभएका वडाहरुमा क्रमश संचालन गर्दै जाने

ङ) स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको रुपमा परिचालन गर्न सक्षम नेत्तृत्वको विकास गर्ने।

च) सा.संका संकलित बचत सा.सं बिच कार्यगत समन्वय, वित्तिय अनुशासन र स्थानीय विकास कोषको दक्षता अभिवृद्धि गर्ने पक्षहरुमा केन्द्रित भई परिचालन गर्ने।

छ) संगठन, बचत, शीपको अधिकतम प्रयोग गरी नागरिकहरु विशेष गरेर विपन्न वर्गको विकासका लागी विधमान आर्थिक , सामाजिक,साँस्कृतिक तथा अन्य संरचना अवरोध हटाई नागरिकहरुको जीवनस्तर माथि उठाउँने।

ज) समुदायहरुलाई आपसी सदभाव,मेलमिलापको सहयोगबाट सामाजिक पुँजी निमार्ण गरी आपना समस्याहरु समाधान गर्न सक्षम गराई समाजमा सहिण्णुता बढाउँने। विद्यमान अवस्थामा (साविकका गा.वि.स.हरु हाटीपर्साटिकर, बसन्तपुर गाउँपालिकामा स्थानीय विकास कोष मार्फत सञ्चालित सामाजिक परिचालनलाई व्यवस्थित गर्ने।

# परिच्छेद २
# सामुदायिक विकास कोष सामाजिक परिचालन प्रकृया सम्बन्धि व्यवस्था

**४. सामजिक परिचालन प्रक्रिया**

सामाजिक ,आर्थिक रुपमा पछि परेका  नागरिक तथा समुदायहरुलाई स्थानीय स्तरका निर्णय प्रक्रियाहरुमा सक्रिय रुपमा सहभागी गराई सार्वजनिक स्रोत , साधन, सेवा र अवसरहरुमा समतामुलक पहुँच स्थापित गरी नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउँन निम्न प्रक्रिया अवलम्वन गरिनेछ।

क. स्थानीय विकास कोष हस्तान्तरितकार्यक्रम गाउँपालिकको आफ्नो कार्यक्रम हरेक वडाका बस्तीहरुमा क्रमशः बिस्तार गरिनुका साथै हाल स्थानीय तहमा सञ्चालन हुदै आएका तथा भविष्यमा  सञ्चालन  गरदै सम्पुर्ण संघ सस्थाहरुलाई स्थानीय विकास कोष कार्यक्रमसँग समन्वय गरी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

ख.  स्थानीय विकास कोषमा आवद्ध सदस्यहरुमा सामुदायिक संगठन ,बचत र शीप सहि सामाजिक रुपान्तरण प्रकृियालाई अगाडी बढाउँदै लगिनेछ।

ग. सामुदायिक संस्थालाई परिपक्कता हासिल गरे पश्चात सहकारीमा रुपान्तरण हुन प्रोत्साहित गरिनेछ।

# परिच्छेद-३
# संस्थागत व्यवस्था

## ५. सामाजिक परिचालन समिति

सामाजिक परिचालनको कामलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउँनका लागी गाउँपालिकाको प्रमुख वा निजले तोकेको गाउँपालिकाको सदस्यको संयोजकत्वमा देहाय अनुसारको सामाजिक परिचालन समिति गठन गरिनेछ। समितिले सामाजिक परिचालनको कार्यमा संलग्ने रहेका सस्थाहरुलाई सामाजिक परिचालनको विधि र प्रकृयामा प्रष्टता ल्याउँन, सम्बन्धित विभिन्न निकायहरु बिच समन्वयात्मक रुपमा सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गराउँन स्थानीय तहलाई आवश्यक सुझाव सहित नीतीगत समन्वय गर्नेछ।

**सामाजिक परिचालन समितिको गठन–**

(१) सामाजिक परिचालन समितिको गठन देहाय बमोजिम हुनेछ।

| | | |
|---|---|---|
| क. | गाउँपालिकाका प्रमुख वा निजले तोकेको पदाधिकारी | संयोजक |
| ख. | गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत – | सदस्य |
| ग. | अध्यक्ष मेनेजर मध्येबाट कम्तीमा एक महिला सहित दुई जना जनप्रतिनिधि - | सदस्य |
| घ. | गाउँपालिका अर्न्तगत कृर्षि, पशु , सहकारी , वन तथा वातावरण समितिका एक एक जना गरी दुई जना स्थानीय | सदस्य |
| ङ. | गाउँ लैगिक समानता तथा सामाजिक समावेशीकरण समितिबाट महिला प्रतिनिधि एक | सदस्य |
| च. | सामाजिक परिचालकसदस्य सचिव – | १ जना |

(२) गाउँपालिका स्तरमा सामाजिक परिचालनको काम गर्न अन्य निकाय वा संस्थाहरुको यस कार्यक्रमसँग निकटम सहकार्य र कार्यगत तालमेल गर्नु, ती संस्थाहरुको कर्तव्य हुनेछ। यसरी सहकार्य तथा साझेदारीमा काम गर्ने संघसंस्थाहरुका प्रतिनिधिहरुलाई सामाजिक परिचालन समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ।

(३) सामाजिक परिचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१) सामाजिक परिचालन समितिको समन्वय गाउँ क्षेत्रमा गाउँपालिका वा अन्य निकायद्धारा संचालित सामजिक परिचालन सम्बन्धि कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गर्ने, सुझाव दिने तथा सामाजिक परिचालन सम्बन्धि स्थानिय स्तरका निती नियमहरुको तर्जुमा गरी कार्यन्वयन गर्ने गराउने।

२) गाँउपालिका र अन्य संघ संस्थाहरु द्वारा संचालित सामाजिक परिचालन कार्य विच समन्वय गर्ने र सोको चौमासिक वार्षिक प्रतिवेदन गाँउपालिकामा पठाउने।

३) सामाजिक परिचालन कार्यन्वयन कार्यतालिका तयार गर्ने र सो अनुसार काम भए नभएको एकीन गर्ने र कार्यतालिका अनुसार काम नगरेको पाइएमा सम्बन्धीत पक्षलाई कार्यक्रम संचालन नगर्न सुझाव दिने/सचेत गराउने

४) जिवीकोपार्जन सुधार कार्यक्रमको नियमित रुपमा अनुगमन गरी सुझाव तथा पृष्टपोषण गर्ने

५) स्थानीय विकास कोषको नियमित अनुगमन तथा मूल्याँकन नियमित गर्ने

६) स्थानीय विकासकोषबाट संचालक समितिबाट प्राथमिकीकरण भई पेश हुन आएका कार्यक्रमहरु लाई प्रक्रियागत रुपमा योजना तर्जुमा समिति हुदै गाँउ सभामा पेश गर्न सहयोग गर्ने

७) गाउँपालिका स्तरमा सामाजिक परिचालन सम्बन्धि अन्य क्रियाकलापहरु गर्न सम्बन्धित निकायलाई सहयोग पुऱ्याउने

८) सामाजिक परिचालन एवं सामुदायिक विकास कोष मार्फत भए गरेका कामको अनुगमन र मूल्याङ्कन सामाजिक परिचालन समितिले गर्ने छ र त्यसको प्रतिवेदन अर्धबार्षिक रुपमा गाउँपालिकामा बुझाउन निर्देशन दिनेछ।

# परिच्छेद – ४
## कोषको स्थापना र सञ्चालन सम्बन्धि व्यवस्था

**६. स्थानीय विकास कोष स्थापना र सञ्चालन :**

१. गाउँपालिका स्तरमा एउटा स्थानीय विकास कोष स्थापना गरिनेछ।

२. स्थानीय विकास कोषमा देहाय अनुसारको रकम रहनेछ।

क. गाउँपालिका प्राप्त रकम

ख. साविकका सामुदायिक विकास कोषमा रहेको लगानी एवं बैकमा रहेको बचत रकम र सो रकमबाट आर्जन भएको ब्याज

ग. सरकारी तथा गैरसरकारी संघ संस्था एवं अन्य निकायबाट सामाजिक परिचालन सम्बन्धि कार्यक्रम संचालनका लागी प्राप्त रकम

घ. जिल्ला समन्वय समितिबाट प्राप्त घुम्ती कोष र अन्य रकम।

३. कोष स्थापना हुनु अघि सामुदायिक विकास कोषमा रहेको रकम यसै कोष मार्फत भएको मानिनेछ।

४. उपदफा (१) बमोजिमको कोषको सञ्चालन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी र सामाजिक परिचालकको सयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

५. कोषको लेखापरिक्षण गाउँपालिकाको लेखापरिक्षकबाट हुनेछ।

६. स्थानीय विकास कोषमा देहाय बमोजिम खाताहरु रहनेछ।

क. कार्यक्रम संचालन खाता

ख. ऋणपुँजी खाता

ग. कर्मचारी कल्याणकोष खाता

७. स्थानीय विकास कार्यक्रम लागु भएका वडाको अतिरिक्त कार्यपालिका निर्णयमा अन्य वडामा समेत बिस्तार गर्न सकिनेछ।

८. स्थानीय विकास कोषमा लगानी रहेका घुम्ती कोषको परिचालबाट प्राप्त भएका ब्याजलाई सतप्रतिशत मानी सो को अधिकतम ४० प्रतिशत रकम कर्मचारी कल्याणकोषमा जम्मा गरिनेछ। बाँकी रहेको ६० प्रतिशत मध्ये ४० प्रतिशत कोष वृद्धि र २० प्रतिशत प्रशासनिक खर्च गरिनेछ।

९. स्थानीय विकास कोषमा कार्यरत जनशक्ती,कोषको सम्पुर्ण नगद, जिन्सी,लगानीमा रहेको रकम तथा चल अचल सम्पत्तिसमेत स्वत गाउँपालिकाको हुनेछ।

**७. कोष संचालन प्रक्रिया :**

१. स्थानीय विकास कोष सामुदायिक सस्थाहरुलाई अधिकतम १२ प्रतिशत बार्षिक ब्याज

दर कायम गरी ऋण पुँजी कोषमा लगानी गर्न  सक्नेछ। सामुदायिक सस्थाले ऋणको अधिकतम ब्याजदर १० प्रतिशत र सेवा शुल्क अधिकतम २ प्रतिशत गरी ब्याज र सेवा शुल्क वापत कुल १२ प्रतिशत रकममा नबढने गरी कोषलाई बुझाउँने छ।

२. कोषले ऋणपुँजी उपलब्ध गराउँनु पुर्व प्रत्येक सामुदायिक संस्थासँग ऋण लगानीका सर्तहरु, ऋण रकमको सीमा, लगानीको प्रक्रिया, ब्याजदर र सेवा शुल्क, हर्जाना , ऋण रकमका सदुपयोग , ऋण रकमको अनुगमन , ऋणअसुली प्रक्रिया र ऋण चुक्ता गर्ने जवाफदेही उल्लेख गरी सम्झौता वा साझेदारीको सहमति पत्र सम्पन्न गनुपर्छ। ऋणपुँजी लगानीको प्रस्ताव तथा आवेदन पत्रको ढाँचा अनुसुची १ बमोजिम हुनेछ।

३. गाउँ क्षेत्र भित्रका सामुदायिक संस्थाहरुलाई कोषबाट ऋण उपलब्ध गराउँन सम्बन्धित वडा कार्यालयको सिफारिसमा ऋण लगानी गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ।

| | | |
|---|---|---|
| क. | अध्यक्ष, मेनेजर मध्येबाट स्थानीय विकास कोषले तोकेको एक जना | संयोजक |
| ख. | सम्बन्धित संस्थाको अध्यक्ष | सदस्य |
| ग. | सामाजिक परिचालक | सदस्य सचिव |

४. उपदफा ३ बमोजिमको समितिले देहायका आधारमा ऋण लगानी गर्न सिफारिस गर्नेछ।

क. वडा कार्यालयको सिफारिस

ख. सम्बन्धित ससथाको निर्णय प्रतिलिपि

ग. जग्गा धनी दर्ता प्रमाणपुर्जा

घ. जग्गाधनी दर्ता प्रमाणपुर्जा नभएमा सम्बन्धित संस्थाका कम्तीमा तीन जना सदस्यको जमानी

ङ. नेपाली नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपि।

५. सामुदायिक सस्थाले कोष बझाउँनु पर्ने सावाँ ब्याज र सेवा शुल्क तोकिएको समयमा नबुझाएमा भाखा नाघेको मितिले ऋण रकमको २ प्रतिशत थप दस्तुर लिइनेछ।

६. सामुदायिक सस्थाले कोषबाट लिएको रकम आवेदनमा तोकिएका आफ्ना सदस्यहरुलाई लगानी गरी ऋणीको सावाँ, ब्याज, सेवा शल्क र हर्जाना तिर्नु पर्ने भए सो समेत सस्थालाई चुक्ता नगरी सस्थाले ऋण रकम ब्याज, सेवा शुल्क, हर्जाना समेत कोषलाई चुक्ता गर्न नसकेमा प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ।

७. कोषले सामुदायिक सस्थालाई र सामुदायिक सस्थाले आफ्ना सदस्यहरुलाई ऋणलगानी गर्दा गरिबीको बर्गिकरणको आधारमा सबै भन्दा विपन्न वर्ग वा पिछडिएका महिला र पुरुषलाई प्राथमिक्ता दिनु पर्नेछ।

**८. ब्याज ,सेवा , शुल्क र हर्जाना मिनाहा दिन सक्ने :**

१. प्राकृतिक प्रकोप, महामारी, दुर्घटना, कडा रोग वा अन्य यस्तै असाधारण परि

स्थितिले गर्दा ऋण लिई गरेको काम सफल हुन नसकी ऋणलाई सावाँ रकम समेत घाटा हुन गएको र सो कारणले गर्दा ऋणीले सामुदायिक सस्थालाई ऋण चुक्ता गर्न नसकने परिस्थि सृजना भएको कुरामा सामुदायिक सस्था विश्वस्त भै सर्वसम्मतिबाट निणर्य गरी ऋणको बज, सेवा, शुल्क र हर्जाना वापतको रकम मिनाहा दिन अध्यक्ष मेनेजर भेलाबाट सिफारिस गरी कोषलाई निवेदन गरेमा समितिले निर्णय गरी ऋणीको ऋण रकमको व्याज, सेवा ,शुल्क र हर्जाना पुरै वा आशिंक रुपमा मिनाहा दिने वा नदिने आवश्यक छानविन गरी निर्णय गर्न सक्नेछ।

२. उपदफा ( १ ) बमोजिम व्याज, सेवा, शुल्क र हर्जाना मिनाहाको लागी ऋणीले सामुदायिक सस्थालाई आफ्नो लगानीमा घाटा हुन गएको आधार र कारण समेत उल्लेख गरी व्याज, सेवा, शुल्क, र हर्जाना मिनाहा पाउँन आफ्नो आर्थिक अवस्था समेत उल्लेख गरी निवेदन दिनु पर्नेछ।

३. उपदफा ( २ ) बमोजिम ऋणीले सामुदायिक सस्थामा ऋण रकमको व्याज, सेवा, शुल्क र हर्जाना मिनाहाको लागी निवेदन दिई सामुदायिक सस्था तथा अध्यक्ष मेनेजर भेलाबाट कोषमा सिफारिस भए पछि ऋण लगानी समितिले स्थलगत निरिक्षण गरी ऋणको आर्थिक अवस्था र लगानी गरेको उद्यम आयोजनाको बारेमा दिएको प्रतिवेदनको आधारमा समितिले मिनाहा दिने वा नदिने निर्णय गर्न सक्नेछ।

४. उपदफा ( ३ ) बमोजिम कोषले मिनाहा दिने निर्णय गरेमा सो निर्णयको जानकारी सम्बन्धित वडा कार्यालय, गाउँपालिका र सम्बन्धित सस्था तथा अध्यक्ष मेनेजर भेलालाई दिनुपर्नेछ।

**९. कर्मचारी कल्याण कोष :**

१. जिल्ला समन्वय समिति स्थानीय विकास कोषबाट हस्तारण भई गाउँपालिका स्थानीय विकास कोषमा कार्यरत कर्मचारी सेवा निवृत भएमा वा अवकाश हुदाँ उपदान लगायतका सुविधाहरु उपलब्ध गराउँन एक जना कर्मचारी कोष स्थापना गरिनेछ।

२. उपदफा ( १ ) बमोजिमको कोषमा देहाय बमोजिमका रकम जम्मा हुनेछ।

क) जिल्ला समन्वय समितिबाट हस्तान्तरण भई आएको कर्मचारी कल्याण कोषको रकम

ख) जिल्ला समन्वय समितिबाट हस्तान्तरण भई आएको बीउँपुजी कोष वृद्धि रकम

ग) गाउँपालिकबाट कर्मचारी कल्याणकोष लागी विनियोजित प्रत्येक वर्ष कम्तिमा एक महिना बराबरको रकम

घ) स्थानीय विकास कोषमा लगानीमा रहेको घुम्ती कोषबाट प्राप्त व्याज आम्दानीको अधिकतम ४० प्रतिशत रकम

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

३. अवकाश हुदाको बखत उपरोक्त कोषको रकमले नथामेमा उपदफा (२) को खण्ड ग बमोजिमको रकममा यो ऐन जारी हुनु अधिको व्याज रकमबाट निर्णय अनुसार थप गरी भुक्तानी गर्न सकिनेछ

४. कर्मचारी कल्याण कोषको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्खतबाट हुनेछ।

**१०. स्थानीय विकास कोषको सचिवालय :**

कोषको सचिवालय गाउँपालिकाको मुख्य प्रशासनिक भवन वा कार्यापालिकाले तोकेको स्थानमा हुनेछ। र कोषको छुट्टै छाप हुनेछ। सस्थाले कोषको निर्णयानुसार व्यक्ति सरह चल अचल सम्पत्ति खरिद बिक्री गर्न र ऋण लिन दिन सक्नेछ।

तर सस्थागत ऋण लिदा दिदा गाउँपालिकाको पूर्व स्वीकृत लिनुपर्नेछ।

**११. स्थानीय विकास कोष सञ्चालक समितिको गठन :**

१) स्थानीय विकास कोषलाई नियमित सञ्चालन गर्न सामुदायिक सस्थाका प्रतिनिधिहरुबाट देहाय बमोजिमको स्थानीय विकास कोष सञ्चालक समिति गठन गरिनेछ।

| | |
|---|---|
| क) सामुदायिक सस्थाका अध्यक्ष वा मेनेजरहरुको बैठकबाट छनौट गरिएको एक जना | अध्यक्ष |
| ख) सामुदायिक सस्थाका अध्यक्ष वा मेनेजरहरुको बैठकबाट छनौट गरिएको एक जना | उपाध्यक्ष |
| ग) अध्यक्ष वा मेनेजरबाट दलित ,जनजाती, मुश्लिम अन्य लक्षित वर्ग मध्ये कम्तीमा दुई महिला सहित ५ जना | सदस्य |
| घ) गाउँपालिकको सामाजिक विकास समितिको | संयोजक |
| ङ) सामाजिक परिचालक | सदस्य सचिव |

२) अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला अनिवार्य हुनु पर्नेछ।

३) यसरी गठन गरिएको स्थानीय विकास कोष सञ्चालकसमितिको कार्यावधि ३ वर्षको हुनेछ।

४) कार्यक्रम सञ्चालनको सहजकर्ताको लागी अध्यक्ष मेनेजर भेलाबाट उपसमिति बनाई सञ्चालन गर्न सकिनेछ।

**१२. समितिको बैठक र बैठक भत्ता :**

क) समितिको बैठक कम्तीमा एकपटक बस्नेछ।

ख) समितिको बैठक अध्यक्षले बोलाउँनेछ। र अध्यक्षले तोकेको मिति र समयमा बैठक बस्नेछ।

ग) समितिको निर्णय सामन्यतया सर्वसम्मत रुपमा हुनेछ। र सो हुन नसकेमा सदस्यहरको

बहुमतबाट निर्णय पारित हुनेछ।

घ) समितिले कुनै व्यक्ति पदाधिकारी वा विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ। तर आमन्त्रित व्यक्ति वा सदस्यले आफ्नो धारणा राखे पनि मतदान गर्ने अधिकार हुने छैन।

ङ) समितिका पदाधिकारी तथा आमन्त्रित सदस्यकहरुले बैठकमा उपस्थित हुदाँ यातायात खर्च वापत रु २००।– पाउँनेछन्।

च) कोषको सदस्यहरु व्यक्तिगत वा सामुहिक रुपमा स्थानीय विकास कोष र गाउँपालिका प्रति उत्तरदायी हुनेछ।

**१३. स्थानीय विकास कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :**

क) सामुदायिक सस्थाहरुलाई संगठन, बचत, सीपको माध्यमबाट सशक्तिकरण गर्ने।

ख) स्थानीय आवश्यक्ता अनुसारको कृर्षि, पशुपालन तथा अन्य आयआर्जन सम्बन्धि सीप तथा विकास योजना तयार गर्ने।

ग) आपनो बस्ती तथा समुदायलाई स्वच्छ, हराभरा बनाउँने। र घरेलु सरसफाई गर्ने गराउँने

घ) बाल अधिकार, तथा मानव अधिकारको संरक्षरणबारे कार्य।

ङ) सीप विकास , आय आर्जन तथा जीविकोपार्जन जस्ता कार्यक्रम संचालनको लागी विभिन्न सरकारी, गैरसरकारी तथा निजि संस्थाहरुसँग समन्वय, पैरवी र स्रोत जुटाउँने।

च) सामुदायिक संस्थाहरुलाई परिपक्क बनाई सरकारी तथा संथागत विकास एवं रोजगारी प्रवर्द्धनशील बनाउँने।

छ) सामुदायिक संस्थाहरुको आर्थिक विकास एवं रोगारी सहितको जिविकोपार्जनका लागी घुम्तीकोष उपलब्ध गराउँने।

ज) घुम्तीकोष विउँपुजीबाट सामुदायिक सस्थामा लगानी गर्दा आयमुलक लघुउद्यम विकास, व्यावसायिक वा सामुहिक खेती, पशुपालन रोजगारीमुलक, सीपममुलक र उत्पादकत्व बढाउँने किसिमका कार्यक्रमका व्यवसाय गर्न प्रोत्साहन गर्ने।

## परिच्छेद – ४

**१४. कर्मचारी सम्बधी व्यवस्था :**

१) स्थानीय विकास कोषका गठन सञ्चालन र सहजकिरण गर्न, सामुदायिक सस्थाहरु र तिनिहरुको क्षमता विकासमा कामहरु गर्न, अनुगमन र सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरुमा स्थानीय विकास कोषलाई आवश्यक समन्वय, सहयोग गर्न दुई जना सामाजिक परिचालक रहनेछन।

२) यो ऐन निर्माण हुदमको बखत जिल्ला समन्वय समिति स्थानीय विकास कोषबाट हस्तान्तरण भई आएका कार्यरत सामाजिक परिचालकहरुलाई नै यस सम्बन्धि कामको

लागी जिम्मेवारी दिईनेछ। निज कर्मचारीहरु अवकाश भए पश्चात गाउँपालिकाले प्रचलित कानुन बमोजिम पद, पूर्ति गर्नेछ।

३) कर्मचारीको सेवा शर्त र सुविधाका सम्बन्धमा गाउँपालिकाको पद, श्रेणी तह मिल्ने अन्य कर्मचारी सरह हुनेछ।

४) कर्मचारी सेवा शर्त र सुविधाका सम्बन्धमा साविक स्थानीय विकास कोष ( स्थापना र संचालन ) विनियमावली को २०५९ को दफा १४ बमोजिमको कर्मचारीको योग्यता, अयोग्यता, शैक्षिक योग्यता र सेवा शर्त सम्बन्धी व्यवस्था लागु गर्न बाधा पर्ने छैन।

५) स्थानीय विकास कोष अर्न्तगत सामाजिक परिचालनमा अविछिन्न रुपमा कार्यरत सामाजिक परिचालकले २० बर्ष सेवा अवधि पुरा गरी वा अन्य कारणबाट सो अवधि नपुग्दै सेवाबाट अवकाश हुन चाहेमा वा स्वेच्छाले राजिनामा दिएमा साविक स्थानीय तहका स्थायी कर्मचारीहरुले पाए सरहको संचित विदाको रकम, औषधी उपचारको रकम र उपदानको रकम बराबरको हुने रकम एकमुष्ठ रुपमा स्थानीय विकास कोषको कर्मचारी कल्याणकोषको रकमबाट सेवा निवृत हुने कर्मचारीलाई भुक्तानी गर्न सकिनेछ।

**१५. सामाजिक परिचालकको काम, कर्तव्य र अधिकार :**

सामाजिक परिचालकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

क) स्थानीय विकास कोषको गठन, सञ्चालन र सहजिकरण गर्ने, सामुदायिक सस्थाहरु परिचालन र तिनिहरुको क्षमता विकास कोष कामहरु गर्ने, सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरुमा स्थानीय विकास कोषलाई सहयोग गर्ने।

ख) सामुदायिक सस्थाहरुको बार्षिक लेखापरीक्षण गराउँन सहयोग गर्ने।

ग) सामाजिक विकाससँग सम्बन्धित क्षेत्रमा गाउँपालिका तथा वडा कायामा सहयोग गर्ने।

घ) गाउँपालिकाको वस्तुस्थिति विवरण तयार गर्न सहयोग गर्ने।

ङ) लैंङ्गिक उत्तरदायी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्न सहयोग पुरयाउने

च) गाउँपालिका सामाजिक विकास शाखाबाट हुने कार्यहरु गर्ने।

छ) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने।

**१६. विविध :**

१) यस ऐनको कार्यन्वयनको क्रममा आवश्यक्ता अनुसार गाउँपालिकाले निर्णय गरी परिमार्जिन तथा संशोधन गर्न सक्नेछ।

२) यस अघि सामुदायिक विकास कोषसँग सम्बन्धित कामहरु यसै ऐन अनुसार भए गरेको मानिनेछ।

## अनुसुची – १

## ( दफा ७ को उपदफा (२) सँग सम्बन्धित

## ओमसतिया गाउँपालिका

## स्थानीय विकास कोष समितिको सचिवालय

## ओमसतिया, रुपन्देही

सामुदायिक सस्थाको नाम :–

दर्ता मिति :–

परिपक्कता भएको मिति :–

अध्यक्ष, मेनेजर भेलाबाट सिफारिस मिति :–

### ऋणपुँजी माग प्रस्ताव तथा आवेदन

१) जिल्ला ................... गा.पा.................सामुदायिक सस्था .................. .............. का सम्पुर्ण सदस्यहरुको मिति..................... मा बसेको ...........औं बैठकबाट सर्वसम्मतिले निर्णय भए अनुसार तपसिल बमोजिमका सदस्यहरुलाई क्र.सं .......... देखि ......... सम्मको उद्यम विकास आयोजना आयआर्जन कार्यक्रम सञ्चालन गर्नको लागी रु. ........................ अक्षरेपी ...................................... ऋणपुँजी स्थानीय विकास कोषबाट उपलब्ध गराई दिन यो निवेदन गरेका छौं।

| क्र. सं | ऋणपुँजी माग गर्ने सदस्यहरुको नाम, थर | लिङ्ग | उद्धेश्य | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

३. मिति ...................... सम्म संस्थाको वित्तीय विवरण यस प्रकार छ।

क) बैंकमा रहेको सरकम रु. ............................

ख) लगानीमा रहेको रकम रु. ............................

ग) नगदमा रहेको रकम रु. ............................

घ) कुल बचत रकम रु. ............................

३. मिति .................... सम्मको ऋणपूँजीको स्थिति यस प्रकार छ।

| उद्देश्य | सदस्यहरुको संख्या | | | जम्मा लगानीमा रु. | जम्मा लगानीमा रहिरहेको रकमम | असुली हुनुपर्ने मिति पुगेको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | पूर्ण उपयोग भएको | आंशिक उपयोग भएको | दुरुपयोग भएको | | | | |
| कृषि | | | | | | | |
| व्यापार | | | | | | | |
| पशुपालन | | | | | | | |
| अन्य | | | | | | | |

अध्यक्षको नाम ........................................... दस्तखत ......................

मैनेजरको नाम ............................................. दस्तखत ........................

४. सामाजिक परिचालकको नाम ...................... दस्तखत ........................

५. वडा कार्यालयको सिफारिस

........................... सामुदायिक संस्थाले प्रस्ताव गरेको ऋृणपूँजी

रकम रु. ...................... अक्षरेपी ................................................... उपलब्ध गराउन सिफारिस गरिन्छ।

मिति .....................

६. स्थानीय विकास कोषको सचिवालय लेखा शाखा

यस सचिवालयको लेखा शाखा रहेको अभिलेख अनुसार उल्लेखित सामुदायिक संस्थाले तिर्नुपर्ने कुनै पनि बाँकी रकम देखिँदैन।

कोषको लेखा प्रमुखको ........................... हस्ताक्षर

मिति .........................

७. सामुदायिक संस्थाका सदस्यहरुको प्रतिबद्धता :-

हामी ................................ सामुदायिक संस्थाका तपसिलमा सदस्यहरुले यो प्रतिबद्धता जाहेर गर्दछौं की ऋण आवेदक सदस्यहरुले माग गरे अनुसार रकम स्थानीय विकास कोषबाट लगानी भई भाकाभित्र नतिरेमा हामीहरुले दामासाहीले पर्न आउने रकमको साँवा, व्याज स्थानीय विकास कोषलाई बुझाउने छौं। यदि नबुझाएमा यसै करारलाई आधार मानी जायजेथाबाट प्रचलित कानुन अनुसार असुल उपर गरेमा हाम्रो मन्जुर छ भनी दस्तखत गरिदियौं।

| क्र.सं. | नाम, थर | पद | उमेर | हस्ताक्षर | ल्याप्चे | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | दायाँ | बायाँ | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| जम्मा रकम : | | | | | | | |